श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७९।०८० सालको निर्णय नं. १८

पुनरावेदन नं. ०७८-RB-००८३

मुद्दाः–भन्सार महशुल एवं जरिवाना निर्धारण।

काठमाण्डौ जिल्ला का.म.पा.वडा न. १२ स्थित एलिना ट्रेडिङ प्रा.लि. (स्थायी लेखा नं. ६०६८६३००७) को तर्फबाट कम्पनीका संचालक /अध्यक्ष कन्हैयालाल संघाई..........१ } पुनरावेदक

विरुद्ध

भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौ..........................................१
ऐ.ऐ.का प्रमुख भन्सार परीक्षण प्रशासक श्री अच्युत प्रसाद शिवाकोटी..........................१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः-भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौ।

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार परीक्षण प्रशासक श्री अच्युत प्रसाद शिवाकोटी

शुरु कार्यालयको निर्णय मितिः–२०७८/०४/१२

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ता श्री मोतीराज गौतम

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम

**अविलम्वित नजीरः ×**

भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौको मिति २०७८/०४/१२ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको भई पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौको कार्यक्षेत्र अन्तरगतका पैठारीकर्ता श्री एलिना टेडिङ्ग प्रा.लि. (स्थायी लेखा नं. ६०६८६३००७) ले वीरगंज भन्सार कार्यालयबाट मिति २०७४।०७।०१ देखि २०७६।०३।३१ सम्म पैठारी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुदाँ उक्त पैठारीकर्तासंग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनि भंसार जाँचपास परिक्षण कार्यालय त्रिपुरेश्वर, काठमाडौंबाट च.नं. ३७३ मिति २०७६।०९।१६ को पत्रमार्फत पत्राचार ।

२. मिति २०७४।०७।०१ देखि २०७६।०३।३१ सम्म रजनीगन्धा पान मसला र फर्निचर पैठारी गरेको हो। अन्तःशुल्क निर्धारण र मालवस्तुको Gross Weight गर्ने काम सम्बन्धित भन्सार कार्यालय हो। निर्धारण भए बमोजिमको रकम मैले बुझाएको छु। Net Weight भनेको पाउच भित्रको सामानको तौल हो। अनुसन्धानको क्रममा पाउच सहितको तौलको अन्तःशुल्क बुझाउनु पर्ने जानकारी आएको हो। रजनीगन्धा पान मसलाको अन्तःशुल्क Net Weight मा नलागि Gross Weight मा लाग्ने भनी भन्सार विभागले आन्तरिक राजस्व विभागलाई जानकारी गराएपछि Net Weight र Gross Weight मा देखिएको फरकलाई छुट रकम मानी पुनः असुल गरेको हो। वीरगन्ज भन्सार कार्यालयबाट काठमाण्डौ आउने क्रममा राजस्व अनुसन्धान कार्यालय पथलैयाले अन्तःशुल्क Gross Weight लाग्नु पर्ने भनी Gross Weight र Net Weight मा देखिएको फरक तौलको आधारमा अन्तःशुल्क रकम र सोमा लाग्नु पर्ने मुल्य अभिबृद्धि कर समेतको जम्मा रकममा शतप्रतिशत जरिवाना लाग्ने गरी रु.३४,०२,२२७।— बराबरको वण्ड ग्यारेण्टी राजस्व अनुसन्धान विभागको नाममा लिएपछि सामान छोडी दिएको हो भन्ने समेत व्यहोराको पैठारीकर्ता एलिना टेडिङ्ग प्रा.लि.का आधिकारीक प्रतिनिधि साहिल अग्रवालले भंसार जाँचपास परिक्षण कार्यालय त्रिपुरेश्वर, काठमाडौंका प्रमुख भन्सार परीक्षक श्री राजनबाबु काफ्ले समक्ष गरेको मिति २०७७।११।१८ को वयान।

३. उक्त प्रज्ञापन पत्रहरुवाट पैठारी भएका मालवस्तुहरुको लागि यस कार्यालयबाट भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात, बयान तथा प्रमाणहरुको समेत अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारीकर्ताले बर्गिकरण फरक पारी घटी महशुल दाखिला गरेको देखिएकोले भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (२) बमोजिम

जरिवाना समेत निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (७) बमोजिम पैठारीकर्तालाई मिति २०७८।०३।२७ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना पठाइएकोमा पैठारीकर्ताले उक्त पत्रको जवाफ मिति २०७८।०४।१० मा पेश गरेको ।

४. पैठारीकर्ता एलिना ट्रेडिङ प्रा.लि.ले पेश गरेको जवाफमा भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा (२) बमोजिम जरिवाना बुझाउनु पर्ने होइन भन्ने व्यहोरा उल्लेख गरेको।

५. पैठारीकर्ताले पेश गरेको लिखित जवाफमा Net Weight बाट Gross Weight कायम गरी सो आधारमा कायम हुने अन्तःशुल्क, स्वास्थ्य जोखिम कर तथा मुल्य अभिबृद्धि कर बुझाउन मन्जुर गरेकोले भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम जरिवाना बुझाउनु पर्ने बाध्यात्मक व्यबस्था रहेको हुँदा पैठारीकर्ताले कम तिरेको अन्तशुल्क रु.१४,६८,५३०।-, स्वास्थ्य जोखिम कर रु. ६६,१५०।-तथा मुल्य अभिबृद्धि कर रु.१,९९,५०९।— समेत गरी जम्मा रु.१७,३४,१८९।— र सोको भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम शतप्रतिशत जरिवाना रु.१७,३४,१८९।—समेत जम्मा महसुल रु.३४,६८,३७८।—को भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (९) बमोजिम महसुल तथा जरिवाना निर्धारण आदेश जारी गर्नु भन्ने भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौंबाट मिति २०७८।०४।१२ मा भएको निर्णय।

६. यस कम्पनीले यस अघि मिति २०७५।०६।०८ मा प्रज्ञापन नं. M6433 बाट पैठारी गरिएको मालबस्तु रजनीगन्धा पान मसलामा वीरगन्ज भन्सार कार्यालयबाट जाँचपास गराउदा भन्सार महसुल निर्धारण गर्दा Net Weight र Gross Weight मा द्बिविधा भई आन्तरिक राजस्ज विभागमा पत्र लेखेकोमा Gross Weight मा भन्सार महसुल लाग्ने भनी च.नं. ३८९ मिति २०७५।१२।०४ मा पत्र प्राप्त भएपछि वीरगन्ज भन्सार कार्यालयले भन्सार ऐन २०६४ को दफा ५७(१) बमोजिम छुट महसुल दाखिला गर्नु भनी पत्राचार गरे बमोजिम छुट महसुल बुझाएकोमा प्रज्ञापन नं. M6433 बमोजिम पैठारी गरिएको रजनीगन्धा पान मसलामा पनि ऐ. ऐनको दफा ५७(१) बमोजिमको छुट महसुल बुझाउन मन्जुर नै रहेकोले भन्सार ऐन २०६४ को दफा ३४(२) बमोजिम जरिवाना समेत हुने गरी गरीएको निर्णय कानुनसम्मत नभएकाले प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयवाट भएको मिति २०७८।०४।१२ को निर्णय गैरकानूनी र अन्यायपुर्ण हुँदा बदर गरी पाउँ र प्रत्यर्थी कार्यालयको निर्णयानुसारको जरिवाना तिर्नु बुझाउनु नपर्ने ठहर गरी पाउँ भन्ने समेत व्यहोराको पुनरावेदक एलिना ट्रेडिङ प्रा.लि.का तर्फबाट यस न्यायाधिकरणमा मिति २०७८।०५।२१ मा पेश भएको पुनरावेदन पत्र ।

७. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेस गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।०२।२७ मा भएको आदेश ।

<u>ठहर खण्ड</u>

८. नियम बमोजिम दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री मोतीराज गौतमले पुनरावेदक पैठारीकर्ताले पैठारी गरेको मालबस्तुको प्रज्ञापन नं. M6433 को सम्बन्धमा Net Weight र Gross Weight दुवै उल्लेख गरी वीरगन्ज भन्सार कार्यालयबाट जाँचपास गरेको मालबस्तुमा भन्सार ऐन बमोजिम घटी कारोवार मुल्य घोषणा गरेको छैन। त्यस्तो अबस्थामा अन्तःशुल्क, स्वास्थ्य जोखिम कर र मुल्य अभिबृद्धि कर वापत लाग्ने महशुल मात्र असुल गर्नुपर्नेमा भन्सार ऐन, २०६४ को दफा ३४(२) बमोजिम शतप्रतिशत जरिवाना समेत लगाई रु.१७,३४,१८९।-बढी महशुल असुल गरेको विपक्षी कार्यालयको मिति २०७८।०४।१२ को निर्णय बदर गरी उक्त रकम फिर्ता दिलाई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले पैठारीकर्ताले पेश गरेको लिखित जवाफमा Gross Weight को आधारमा कायम हुने अन्तःशुल्क, स्वास्थ्य जोखिम कर तथा मुल्य अभिबृद्धि कर बुझाउन मन्जुर गरेकोले भन्सार ऐन, २०६४ को दफा ३४ (२) को प्रतिबन्धात्मक बाक्यांश बमोजिमको शतप्रतिशत जरिवाना बुझाउनु पर्ने बाध्यात्मक व्यबस्था रहेको हुँदा पैठारीकर्ताले कम तिरेको भन्सार महसुल र सोको ऐ. ऐनको दफा ३४(२) बमोजिम शतप्रतिशत जरिवाना समेत असुल गर्नेगरी भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वर काठमाण्डौंबाट भएको निर्णय कानुनसम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदकका तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा पुनरावेदक प्रतिवादी एलिना ट्रेडिङ प्रा.लि.लाई भन्सार महसुल र जरिवाना समेत निर्धारण गर्ने गरी भन्सार जाँचपास कार्यालय त्रिपुरेश्वरबाट भएको फैसला मिलेको छ, छैन? पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक पैठारीकर्ता एलिना ट्रेडिङ प्रा.लि.ले प्रज्ञापन नं.M6433 बाट Rajniganda Flavoured Pan Masala मालवस्तु मिति २०७५।१०।२४ मा पैठारी गरेको देखिन्छ। वीरगन्ज भन्सार कार्यालयमा उक्त मालवस्तु छुटाउन जाँदा भन्सार कार्यालयको सफ्टवेयरको प्रयोगबाट Net Weight लाई आधार मानि भन्सार महसुल निर्धारण भएको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा ३४(१) मा "भन्सार कार्यालयबाट जाँचपास भएको

मालवस्तु निकासीकर्ता वा पैठारीकर्ताले घोषणा गरेवमोजिमको मालवस्तु हो वा होइन वा निकासीकर्ता वा पैठारीकर्ताले गरेको घोषणा अनुरुप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार परीक्षकले कुनै निकासीकर्ता वा पैठारीकर्ताको मालवस्तु खरिद वा बिक्रि, निकासी वा पैठारी सम्बन्धि खाता, स्रेस्ता अभिलेख वा अन्य त्यस्तै कागजात, बैंङ्क अभिलेख, कम्प्युटर प्रणाली लगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ। त्यसरी परीक्षण गर्दा आवश्यक देखेमा महसुल समेत निर्धारण गर्न सक्नेछ।"भन्ने कानुनी व्यबस्था रहेको देखिन्छ। सो बमोजिम भन्सार जाँचपास परिक्षण कार्यालय त्रिपुरेश्वरबाट पुनरावेदक आयातकर्ता एलिना ट्रेडिङ प्रा.लि.ले विरगंज भन्सार कार्यालयबाट मिति २०७४।०७।०१ देखि मिति २०७६।०३।३१ सम्म पैठारी गरेको मालवस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न मिति २०७६।०९।०४ मा छनौट भएको निर्णय गरी पैठारीसंग सम्बन्धित प्रमाणहरु पेश गर्न च.नं. ३७३ मिति २०७६।०९।१६ बाट पत्राचार गरेको देखिन्छ। पैठारीकर्ताबाट अख्तियार प्राप्त C.A. साहिल अग्रवाललाई माग भएको कागजातहरु समेत पठाएको भनी उल्लेख भएको मिसिल संलग्न कागजातबाट देखिन्छ।

१२. भन्सार ऐन, २०६४ को दफा ३४ (२) मा "उपदफा (१) बमोजिम परीक्षण गर्दा निकासीकर्ता वा पैठारीकर्ताले निकासी वा पैठारी गरेका मालवस्तु निजले घोषणा गरेकोभन्दा भिन्न मालवस्तु पाइएमा वा निजले गरेको घोषणा अनुरुप नभएको देखिएमा वा कारोबार मूल्य वा मालवस्तुको परिमाण घटी घोषणा गरेको देखिएमा र सो कारणले घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यसरी घटी भएको मूल्य वा परिमाणमा निकासी वा पैठारी हुँदाका बखत लाग्ने महसुल निजबाट तत्काल असुल गरी घटी कारोबार मूल्य वा परिमाण घोषणा गरेबापत निजलाई यस ऐन बमोजिम कारबाही गर्नेछ।" भन्ने र सोही उपदफाको प्रतिबन्धात्मक बाक्याशमा "तर घटी कारोबार मूल्य घोषणा गरेकोमा लाग्ने महसुलको शतप्रतिशत जरिवाना गर्नेछ" भन्ने कानुनी व्यबस्था रहेको देखिन्छ। पैठारी गरिएको मालवस्तु ल्याउदा Net Weight र Gross Weight दुवै उल्लेख भएको प्रज्ञापन नं. M6433 मा स्पष्ट देखिएको र निर्धारण गरिएको महसुल मालवस्तु आयातकर्ताले वीरगंज भन्सार कार्यालयमा वुझाएकोमा विवाद देखिँदैन। आयात गरिएको मालवस्तु ल्याउँदै गर्दा राजस्व अनुसन्धान कार्यालय पथलैया बाराले सो सामानहरुको Net Weight र Gross Weight को फरक तौलमा हुन आउने मालवस्तुको अन्तःशुल्क, मुल्य अभिवृद्धि कर एवं शतप्रतिशत जरिवाना समेत गरी जम्मा रू.३४,०२,२२७।— वरावरको Bank guarantes नविल बैंकबाट राजस्व अनुसन्धान विभागको नाममा लिई मालवस्तु छाडी दिएकोमा समेत विवाद देखिदैन।

१३. पुनरावेदकले आयात गरेको मालबस्तुको सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम जाँचपास पछिको परीक्षण गर्नुपर्ने भई आयातकर्तासग जाँचवुझ गर्दा विरगंज भन्सार कार्यालयबाट रजनीगन्धा पान मसला एवं फर्निचर पैठारी गरेको हो। Net Weight र Gross

Weight कुनमा अन्तःशुल्क लाग्ने हो भन्ने विषय भन्सार कार्यालयको दायित्वको बिषय हुनुपर्ने हो। प्रज्ञापन नं.M24318 तारेख २४।०९।२०१८ बाट आयात गरिएको रजनीगन्धा पान मसलामा समेत Net Weight मा भन्सार महसुल निर्धारण भएकोमा राजस्व अनुसन्धान विभागबाट Gross Weight मा भन्सार महसुल निर्धारण हुने भनी Net Weight र Gross Weight वीचको फरकमा भन्सार महसुल निर्धारण भई आयातकर्ताबाट भन्सार महसुल असुल भएको हुँदा प्रस्तुत प्रज्ञापन नं. M6433 बाट आयात गरिएको रजनीगन्धा पान मसलामा पनि सोही किसिमको छुट भएको अन्तःशुल्क रकम, स्वास्थ्य जोखिम कर र मुल्य अभिबृद्धि कर तिर्न तयार छौ सो वाहेकको थप अन्य कुनै दायित्व वुझाउन मन्जुर छैन भनी भन्सार जाँचपास कार्यालय त्रिपुरेश्वरमा आयातकर्ताका अख्तियार प्राप्त सि.ए. साहिल अग्रवालले वयान गरेको देखिन्छ।

१४. यसरी आयातकर्ताले वीरगंज भन्सार कार्यालयमा पेश गरेको प्रज्ञापन नं.M6433 बाट आयात गरेको मालवस्तुको Gross Weight र Net Weight दुवै उल्लेख गरेको अवस्थामा पनि वीरगंज भन्सार कार्यालयबाट आयात गरेको मालवस्तु Rajniganda Flavoured Pan Masala को Net Weight लाई मात्र आधार मानी भन्सार महसुल निर्धारण गरेको देखिन्छ। यस अघि यीनै आयातकर्ताबाट यस्तै मालवस्तु प्रज्ञापन नं. M24318 बाट आयातगर्दा समेत Gross Weight र Net Weight मा विवाद हुँदा Gross Weight र Net Weight बीच फरक देखिएको तौलमा लाग्ने छुटहुन गएको अन्तशुल्क, स्वास्थ्य जोखिम कर र मुल्य अभिवृद्धिकर वापत लाग्ने भन्सार महसुल मात्र लिएको पुनरावेदन पत्र साथ सलग्न वीरगन्ज भन्सार कार्यालयको मिति २०७६।०२।०५ च.न. ११८ को पत्रबाट देखिन्छ। आयातकर्ताबाट पेश भएको प्रज्ञापन पत्र नं. M6433 मा भन्सार ऐन, २०६४ को दफा ३४(२) वमोजिम आयात गरिएको मालबस्तुको पैठारीकर्ताले घटी कारोबार मुल्य घोषणा गरेको भनी प्रश्न उठेको देखिदैन। Net Weight बाट Gross Weight कायम गरी फरक रकममा अन्तःशुल्क, स्वास्थ्य जोखिम कर तथा मुल्य अभिबृद्धिकर बुझाउन पैठारीकर्ता मन्जुर नै रहेको देखियो। यस स्थितिमा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) वमोजिम आयातकर्ताबाट पैठारी गरिएको मालवस्तुको Gross Weight र Net Weight बीच फरक देखिएको तौलमा लाग्ने छुटहुन गएको अन्तशुल्क, स्वास्थ्य जोखिम कर र मुल्य अभिवृद्धि कर मात्र असुल गर्नुपर्ने अबस्था स्पष्ट देखिँदा देखिदै भन्सार ऐन, २०६४ को दफा ३४(२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको कानुनी व्यवस्था बमोजिम जरिवाना पनि लाग्ने भनी विपक्षी कार्यालयबाट शतप्रतिशत जरिवाना समेत असुल गर्ने निर्णय भएको देखिन आयो।

१५. भन्सार ऐन, २०६४ को दफा ३४(२) को प्रतिबन्धात्मक वाक्यांशमा "तर घटी कारोवार मुल्य घोषणा गरेकोमा लाग्ने महसुलको शतप्रतिशत जरिवाना गर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत मुद्दामा पुनरावेदक पैठारीकर्ताले प्रज्ञापन दर्ता नं. M6433 बाट आयात

गरेको मालबस्तुको घटी कारोवार मुल्य घोषणा गरेको भनी विपक्षी कार्यालयले प्रश्न उठाउन सकेको देखिदैन। Net Weight र Gross Weight मध्ये कुनलाई आधारमानी महसुल निर्धारण गर्ने भन्ने द्विविधाको कारण वीरगन्ज भन्सार कार्यालयले उक्त मालबस्तुको Net Weight लाई आधार मानी महसुल निर्धारण गरेकोले पैठारीकर्ताबाट असुल गर्नुपर्ने महसुल घटी वा छुट हुन पुगेको देखिन्छ। पैठारीकर्ताले घटी कारोवार मुल्य घोषणा गरेको भन्ने तथ्य नै स्थापित नरहेको स्थितिमा भन्सार ऐन २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम शतप्रतिशत जरिवाना लगाउनु उक्त कानुनी व्यवस्थाको प्रतिकुल हुन जान्छ। कानुनमा भएको प्रतिवन्धात्मक व्यवस्थालाई विशेष व्यवस्था र विधायिकाको अन्तिम आशय समेत मानिन्छ। कुनै कानुनमा एकै विषयमा सामान्य र विशेष दूई फरक प्रावधान देखिएमा विशेष कानुनी व्यवस्था मान्य हुन्छ र यसले सामान्य कानुनी प्रावधानलाई निस्कृय वा संकुचित बनाउँछ। उक्त दफा ३४ को उपदफा (२) मा घटी भएको महसुल असुल गरी घटी मुल्य वा परिमाण घोषणा गरे वापत पैठारीकर्तालाई यस ऐन बमोजिम कारवाही गर्नेछ भन्ने सामान्य प्रावधान गरेको र प्रतिबन्धात्मक बाक्यांशमा घटी कारोवार मुल्य घोषणा गरेको भए मात्र शतप्रतिशत जरिवाना लाग्ने विशेष प्रावधान रहेको पाइयो। पैठारीकर्ताले Net Weight र Gross Weight दुवै घोषणा गरेको तथा निजले घटी परिमाण वा घटी कारोवार मुल्य घोषणा गरेको अबस्था नहुँदा शतप्रतिशत जरिवाना समेत असुल गर्ने गरी विपक्षी कार्यालयले गरेको निर्णय सोहदसम्म कानुनसम्मत नहुँदा केही उल्टी गर्नुपर्ने हुन आयो।

१६. **अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट यसमा पैठारीकर्ताले** M6433 **बाट मिति २०७५।०६।०८ मा पैठारी गरेको मालबस्तुको कुलतौल** (Gross Weight) **र खुदतौल** (Net Weight) **दुवै उल्लेख गरी वीरगन्ज भन्सारबाट जाँचपास गरी मालबस्तु आयात गरेकोमा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (२) बमोजिम घटी कारोवार मुल्य घोषणा गरेको अबस्था नदेखिँदा छुटहुन गएको अन्तःशुल्क, स्वास्थ्य जोखिम कर र मुल्य अभिबृद्धि कर वापत लाग्ने कुल जम्मा रु.१७,३४,१८९।- पैठारीकर्ताबाट असुल गर्ने निर्णय गर्नुपर्नेमा शतप्रतिशत जरिवाना समेत लगाई ३४,६८,३७८।—असुल गर्ने गरी भएको भन्सार जाँचपास परीक्षण कार्यालयको मिति २०७८।०४।१२ को निर्णय भन्सार ऐन, २०६४ को दफा ३४ (२) को प्रतिवन्धात्मक वाक्यांशको रोहमा सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई जरिवाना वापतको रु.१७,३४,१८९।—पुनरावेदकले फिर्ता पाउने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।**

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भएबमोजिम भन्सार जाँचपास परीक्षण कार्यालयको मिति २०७८।०४।१२ को निर्णय भन्सार ऐन, २०६४ को दफा ३४ **(२)** को

प्रतिवन्धात्मक वाक्यांशको रोहमा मिलेको नदेखिँदा केही उल्टी भई शतप्रतिशत जरिवाना वापतको रु.१७,३४,१८९।-पुनरावेदकले फिर्ता पाउने ठहरेकोले पुनरावेदक एलिना ट्रेडिङ प्रा.लि.ले फैसला बमोजिम फिर्ता पाउने ठहरेको जरिवाना वापतको रु.१७,३४,१८९।— रकम ऐनको म्याद भित्र फिर्ता लिनको लागि निवेदन दिए फिर्ता दिनु भनि शुरु भन्सार जाँचपास परीक्षण कार्यालयमा लेखि पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल भन्सार जाँचपास परीक्षण कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा हामीहरुको सहमति छ।

(पुष्प प्रसाद गुरागाईं)
(लेखा सदस्य)

(गोविन्दप्रसाद अधिकारी)
(राजस्व सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल साउन १९ गते रोज ५ शुभम...........................

फैसला प्रमाणिकरण मितिः-

फैसला प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप